'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ | अंक : १६६ | सोमवार २८ माघ, २०८१ | 10 (Monday) February 2025 | पृष्ठ ४, | मूल्य रु : १०।-

## प्रतियोगिताको उद्घाटन नेपाल सरकारका खेलकुद मन्त्री तेजुलाल चौधरीले गर्ने

# नेशनल प्याब्सन बाँके अन्डर-१२ फुटबल कप २०८१ कोहलपुरमा सञ्चालन हुँदै

नमस्ते समचारदाता
कोहलपुर, माघ/२७




बाँकेको कोहलपुरमा नेशनल प्याब्सन बाँकेको आयोजनामा अन्डर-१२ फुटबल कप २०८१ हुने भएको छ। नेशनल प्याब्सन बाँकेको आयोजनामा कोहलपुर २ तेह्र विगाहमा फागुन ४ गतेदेखि ८ गतेसम्म अन्डर-१२ फुटबल कप २०८१ हुन लागेको हो । प्रतियोगिताको उद्घाटन नेपाल सरकारका खेलकुद मन्त्री तेजुलाल चौधरीले गर्नेछन् । आइतबार पत्रकार सम्मेलन गर्दै नेशनल प्याब्सन बाँकेका अध्यक्ष किशोर राज मल्लले जिल्ला स्तरीय अन्डर-१२ फुटबल कप २०८१ फागुन ४ गतेदेखि ८ गतेसम्म सञ्चालन हुने बताए । बालबालिकाको शारीरिक रुपमा स्वस्थ राख्न, मानसिक रुपमा मस्त राख्न, संबेगात्मक रुपमा सन्तुलित बनाई राख्न र सामुहिक सहयोगी भावनाको विकास एवम् निर्णय, नेतृत्व क्षमताको आत्मविश्वास जागृत गर्न यस प्रतियोगिताले टेवा पुग्ने अध्यक्ष मल्ले बताए । यस फुटबल प्रतियोगितालाई सफल बनाउन सम्पूर्ण व्यक्तित्वहरुलाई आग्रह गरेका छन् । यस्तै समग्र विश्वव्यापी रुपमा चर्चा कमाएको फुटबल जगतमा कोहलपुरबाटै खेलाडी उत्पादन गर्ने लक्ष्यका साथ अन्डर १२ फुटबल प्रतियोगिता गराउन लागेको नेशनल प्याब्सन बाँकेका सचिव वेग प्रकाश चन्दले बताए। नेशनल प्याब्सन बाँकेमा ८० वटा विद्यालय आबद्ध रहेको यस प्रतियोगितामा ५५ भन्दा बढिको सहभागिता हुने सचिव चन्दको दावी छ । सचिवका अनुसार बाँकेमा ८ पालिकाका ४ वटा विद्यालयलाई टिम दर्ता गर्ने स्थान तोकिएको छ । जस अन्तर्गत कोहलपुरमा जनज्योति पब्लिक हाइस्कुल, राप्तीसोनारीमा महादेवपुरी सनराइज ईमी स्कुल, नेपालगञ्जमा भृकुटी ईमी स्कुल र खजुरामा लिटिल हार्वर स्कुल र हेको छ। यस्तै प्रतियोगितामा प्रथम हुनेलाई २५ हजार, उपविजेतालाई १५ हजार र सेमिफाइनल टिमलाई

### प्रतियोगितामा विजेतालाई २५ हजार पुरस्कार

१० हजार पुरस्कार रहेको छ । यस्तै वेष्ट किपर, स्कोरर, डिफेण्डर , मिड फिल्डरलाई प्रति १ हजार रुपैया र उत्कृष्ट खेलाडी (फेर प्लेयर खेलाडी) ५ हजार रुपैया दिने नेशनल प्याब्सनका सचिव चन्दले बताए । चन्दका अनुसार प्रतियोगितामा सहभागि हुनका लागि ४ वटा नियमहरु रहेका छन् । जसमा खेलाडिका जन्म मिति २०६९ माघ ३० गतेपछि जन्मेको हुनुपर्ने, सम्पुर्ण खेलाडिहरुको जन्मदर्ताको प्रतिलिपी अनिवार्य रुपमा फारमसंगै पेश गर्नुपर्ने, खेलाडिहरुको सक्कली जन्मदर्ता खेल शिक्षकसंगै हुनुपर्ने र आवश्यक परमा देखाउनुपर्ने, बैंक भौचरको




प्रतिलिपी खेलाडि फारमसंगै समावेश गर्नुपर्ने, खेल प्राविधिकलाई कुनै खेलाडिको उमेर हद नाघेको आशंका लागेमा सम्बन्धित खेलाडीलाई खेलबाट रोक्ने अधिकार फुटबल संघलाई दिइएको बताए । पत्रकार सम्मेलनमा नेशनल प्याब्सन केन्द्रिय सदस्य श्याम कुंवर, प्रदेश अध्यक्ष कुवेर बस्नेत, प्रदेश सह-कोषाध्यक्ष कमल पछाई, जिल्ला सचिव वेग प्रकाश मल्ल लगायत कोहलपुर क्षेत्रका पत्रकारहरुको उपस्थित भएको थियो ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवहान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

## लुम्बिनीमा क्यान्सर बिरामीको संख्या बढ्दै, सरकारको खर्च ९ करोड नाघ्यो

सरला सुवेदी
बाँके, माघ/२७




लुम्बिनी प्रदेशमा क्यान्सर रोगको प्रभाव बढ्दै गएको छ । प्रदेश सरकारले वार्षिक रूपमा झण्डै दुई हजार क्यान्सर पीडितलाई आर्थिक सहायता दिँदै आएको छ । स्वास्थ्य मन्त्रालयका अनुसार, यस आर्थिक वर्षमा मात्र क्यान्सर उपचारका लागि ९ करोड रुपैयाँ खर्च भइसकेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्री खेमबहादुर सारु का अनुसार प्रदेश सरकारले क्यान्सर, मृगौला र मुटु रोगको उपचारका लागि गत वर्ष १३ करोड रुपैयाँ विनियोजन गरेको थियो। क्यान्सरको उपचार का लागि मात्रै ९ करोड खर्च भइसकेको छ । उहाँले रोग लागेपछि मात्रै उपचार गर्नेभन्दा रोग लाग्नै नदिने उपायहरू अवलम्बन गर्नुपर्नेमा जोड दिनुभयो । मुख्यमन्त्री आचार्यले राज्यले उपचारका लागि आर्थिक सहयोग गरिरहे पनि दीर्घकालीन समाधानका लागि सुरक्षित जीवनशैली अपनाउनु आवश्यक रहेको बताउनुभयो । उहाँले नागरिकहरूलाई स्वास्थ्यप्रति सचेत भई, खानपान सुधार, व्यायाम र नियमित स्वास्थ्य परीक्षण गर्न आग्रह गर्नुभयो । सरकारले क्यान्सर नियन्त्रणका लागि खोप अभियान, जनचेतना कार्यक्रम, प्रारम्भिक परीक्षण र स्वास्थ्य सहायता कार्यक्रम लाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ। यस्ता कार्यक्रमले लुम्बिनी प्रदेशलाई क्यान्सरमुक्त बनाउने दिशामा महत्वपूर्ण योगदान दिने सरकारको विश्वास छ ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
चंखेली गाउँपालिका
हुम्ला

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## शिक्षामा लगानी, युवा भने पलायन

नेपाल सरकारले चालु आर्थिक वर्षमा शिक्षा क्षेत्रमा २ खर्ब ३ अर्ब ६६ करोड रुपैयाँ (कुल बजेटको १०.९५ प्रतिशत) छुट्याएको छ। तर, यसै वर्ष १ लाख १४ हजार विद्यार्थीले विदेश पढ्न जाने अनुमतिपत्र (एनओसी) लिए। सरकारले बालबालिकाका लागि शिक्षामा अर्बौं लगानी गर्दै आएको छ। तर युवालाई स्वदेशमै टिकाउन मुस्किल भइरहेको छ। युवा र बालबालिकामा राज्यको लगानी छरपष्ट भए पनि ठूलै छ। शिक्षादेखि स्वास्थ्य, खेलकुद, महिला तथा बालबालिका, युवा तथा खेलकुदलगायतमा विभिन्न मन्त्रालयगत खर्च ठूलै छ। तर जति लगानी गरे पनि युवा पलायन रोकिएको छैन। १२ कक्षा पढेपछि उच्च शिक्षा पढ्न विदेश जानेको ताँती बढेको बढ्यै छ। उच्च शिक्षा अध्ययनका लागि युवा बाहिरिँदा १० वर्षमा ३ खर्ब ९० अर्ब ३३ करोड रुपैयाँसमेत बिदेसिएको नेपाल राष्ट्र बैंकको तथ्यांकमा उल्लेख छ। यसले युवा जनशक्तिसँगै पुँजीसमेत पलायन भएको देखिन्छ। नेपालमा दिएको शिक्षाले स्वदेशमै टिकाउन नसक्नुको कारण लगानीको प्रभावकारिता नभएको त हुँदै हो। तर हाम्रो शिक्षा पनि स्वदेशको सेवा गर्न प्रेरित गर्न समेत असमर्थ देखिएको छ। लगानी अझै थपेर प्रभावकारी कार्यान्वयन गरी युवा पलायन रोक्नुचाहिँ आवश्यक छ। किनभने थुप्रै अध्ययनले प्रारम्भिक बालबालिकामा जति बढी लगानी, त्यति धेरै परिणाम आउने देखाउँछन्। विकसित मुलुकमा शिक्षामा गरेको १ डलर लगानीले १७ डलरको प्रतिफल दिने देखाउँछ। पढ्नकै लागि विदेश जाने त हुँदै भए सँगसँगै वैदेशिक रोजगारीमा जानेको ताँती पनि डरलाग्दो छ। चालु आर्थिक वर्षको ६ महिनासम्म मात्रै ३ लाख ९३ हजार ६७ जना वैदेशिक रोजगारमा गएका छन्। भन्नुको मतलब स्वदेशको शिक्षाले रोजगारीमा लगाउन वा स्वदेशगार बन्न या उद्यमशील बनाउन सकेको छैन। युवाको विदेश पलायनले गर्दा नेपालले मात्र प्रतिभा होइन, पुँजी पनि गुमाउँदै गएको छ। तसर्थ शिक्षामा लगानी थप्नु र युवालाई स्वदेशमा टिकाउने शिक्षाको आवश्यकता देखिन्छ। सरकारले अब केवल बजेट बढाउने मात्र नभई, शिक्षा प्रणालीको संरचनामा गुणात्मक सुधार ल्याउने काम गर्नुपर्छ।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) 30 सिट



तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# अभाव, बजेट कि बुद्धि-विवेकको ?

**रत्न प्रजापति**




देशभरका दुर्गम जिल्ला र ती जिल्लाका दुर्गम गाउँका दुःखका कथा उस्तैउस्तै छन् । तर चर्चामा आउँछ कर्णालीको कहरको मात्र । कहर त कोशीको पनि छ, बाढीको । कहर बागमतीको पनि छ पहिरो र डुबानको । राजधानी सहरमै बाढी र पहिरोमा परी वर्षमा दर्जनौं मान्छे मर्ने गरेका छन् । २०८१ साल असोज ११ र १२ गतेको अविरल वर्षापछिको बाढी र डुबानमा परी काठमाडौं उपत्यकामै ४८ जनाले ज्यान गुमाएका थिए । देशभरका दुर्गम जिल्लाहरूमा दुः खका कथा उस्तैउस्तै छन्, रोग र भोकका । गरिबी र अभावका । देशभरका दुर्गम जिल्ला र दुर्गम गाउँका दुः खका साझा कथा छन् । कथा हो उही गरिबी र अभावको । भोक, रोग, अशिक्षा र अन्धकारको । विज्ञान र आधुनिक प्रविधिले दिएको सेवा र सुविधाको उपभोगको त कुरै छोडौं, आधारभूत आवश्यकता पूर्तिका लागि संघर्ष गर्दै जुनी बित्छ त्यहाँका जनताको । एक पोका नुनका लागि वडाको सिफारिस लिनुपर्ने बाध्यतामा बाँचेका गरिब जनताले सुखको सास फेर्न कहिले पाउने हुन् ? लोकतन्त्रमा पनि जनताले सुखको सास फेर्न पाएका छैनन् । थाहा छैन, अब कुन तन्त्र आएपछि पाउने हुन् । गरिबी र अभावले गर्दा सधैं पछौटेपन भोगेर बाँचेका जनतालाई दिनदिनै सुनिने विकासका कुराले झस्काउँछन् । तिलस्मी कथाजस्तै लाग्छन् ती गरिब जनतालाई यस्ता कुरा । एक छाक पेटभर खान नपाएर तड्पिएका र एक आङ न्यानो लुगा लाउन नपाएर चिसोमा कठ्याङ्ग्रिएका जनतालाई यस्ता कुराले केही प्रभाव पार्दैन । तिनका लागि एक छाक खान पाउनु र एक आङ लाउन पाउनु नै विकास हो र त्यही नै सुख हो । दुर्गम जिल्ला र दुर्गम गाउँमा दुःखले बाँचेका ती गरिब जनतालाई एक छाक नियमित खाने र एक आङ लाउने हैसियतसम्म दिलाउन सकेको छैन राज्यले । एक छाक पेटभर खान पाउँदा खुसी हुने जनता छन् । एक आङ न्यानो कपडा लाउन पाउँदा रमाउने जनता छन् । बिसन्चो हुँदा एक चक्की सिटामोल र एक पुरिया जीवनजल खान पाए बाँच्छु कि भन्ने आस गर्ने जनता छन् । सुत्केरी बेथाले च्याप्दा स्वास्थ्यचौकीसम्म सजिलै पुग्न पाए शिशुको अनुहार हेर्न पाउँछु कि भन्ने आस गर्ने जनता छन् । तर जनताका यति ससाना आशा, अपेक्षा र सपना पनि राज्यले पूरा गरिदिन सकेको छैन । कुरा चाहिँ विकास र समृद्धिको हुन्छ । विकासशील राष्ट्र र दिगो विकासको हुन्छ । जनता नै नबाँचे कसका लागि विकास ? कसका लागि समृद्धि ? अनि जनता नै नरहे कसरी हुन्छ विकास र समृद्धि ? गाउँमा एउटा स्ट्रेचर नभएर मान्छे मरिरहेछन् । एक चक्की सिटामोल नपाएर मरिरहेछन् । एक पुरिया जीवनजल नपाएर मरिरहेछन् । चिसोले कठ्याङ्ग्रिएर मरिरहेछन् । भीरबाट लडेर मरिरहेछन् । तुइनबाट खसेर मरिरहेछन् । खानै नपाएर पनि मरिरहेछन् । सुत्केरी बेथा लागेका महिलाहरू स्वास्थ्यचौकी जान हिँड्दाहिँड्दा बेथाले च्यापेर बाटैमा मरेका छन् । अस्ति भर्खरै बझाङको केदारस्युँ गाउँपालिका-१ डुडिलकी २१ वर्षीया खिना बोहराले सुत्केरी बेथा लाग्दा एउटा स्ट्रेचरको अभावमा समयमा स्वास्थ्यचौकीसम्म पुग्न नसक्दा अकालमा ज्यान मुगाइन् । कहिलेकाहीँ सुत्केरी बेथाले बाटोमा अलपत्र परेका महिलाहरूलाई सेनाको हेलिकप्टरले उद्धार गरिएको समाचार आउँछन् । त्यतिखेर भने राज्यप्रति ठूलो विश्वास र भरोसा जागेर आउँछ । तर सबैले त्यस्तो अवसर पाउँदैनन् । सबैको भाग्यमा हेलिकप्टरले उद्धार गर्न लेखिएको हुँदैन । भगवान् भरोसामा बाँच्नुपर्छ सडक र यातायातको पूर्वाधार नपुगेका दुर्गम जिल्लाका दुर्गम गाउँका गरिब जनताले । गरिब जनताको भाग्य बदल्ने काममा सरकारको ध्यान कहिले जाला ? नेताहरूको बुद्धिको घैंटोमा कहिले घाम लाग्ला ? गरिब जनताको भाग्य बदल्न गरिब लक्षित नीति, योजना र कार्यक्रमको खाँचो हुन्छ । सरकारको नीति, योजना र कार्यक्रमले गरिबलाई समेट्नै सकेको छैन, सहरमै सीमित छ र सहरमै केन्द्रित छ । देश भनेको सहरमात्रै हो र देश भनेको संघीय राजधानीमात्रै हो भन्ने मानसिकताले ग्रस्त छन् देशका नीतिनिर्माता र सरकार पनि । गाउँका गरिब जनताले सहरका सम्भ्रान्तले जस्तो सुविधा खोजेका पनि होइनन् । आधारभूत आवश्यकता र आधारभूत सुविधामात्रै खोजेका हुन् । त्यति दिन राज्यले कन्जुस्याइँ गर्दा ती गरिब जनताले आफूलाई हेर्ने राज्य छ र आफ्ना लागि सरकार छ भन्ने अनुभूतिसम्म पनि गर्न पाएका छैनन् । ग्रामीण पूर्वाधार विकासका कुरा योजनामा सीमित छन् । गाउँको प्रमुख आवश्यकता भनेको सडक, यातायात, स्वास्थ्यचौकी, स्कुल, झोलुङ्गे पुल, स्थानीय बजार आदि हुन् । तर पूर्वाधार विकास सहरमै केन्द्रित छ र सहरमै सीमित छ । सहरमा ठूल्ठूला फ्लाइओभर, ओभरपास र अन्डरपास बन्दै गर्दा गाउँमा झोलुङ्गे पुल पनि नबनेर तुइनबाट नदी तर्नुपर्ने बाध्यता छ । यस्तो विभेद र विषमता कायम रहुन्जेल दुर्गम गाउँका जनताले एउटा स्ट्रेचरको अभावमा अकालमा मनुपर्छ । सिटामोल र जीवनजल नपाएर पनि अकालमा मर्नुपर्छ । तुइनबाट खसेर पनि मर्नुपर्छ । भोकले मर्नुपर्छ । रोगले मर्नुपर्छ । त्योभन्दा पनि बढी बाँच्ने कसरी भन्ने चिन्ताले मर्नुपर्छ । सरकारले गरिब जनताको चिन्ता नलिँदा ती गरिब जनताले चिन्तैचिन्ताले मर्नुपर्छ । थोरै दिँदा धेरै खुसी हुने गरिब गाउँका गरिब जनताले माग्ने ठूलो कुरा भनेकै बाटोघाटो, स्कुल, स्वास्थ्य केन्द्र, झोलुङ्गे पुल त हुन् । सिटामोल र जीवनजल मात्रै सहजै उपलब्ध हुने व्यवस्था राज्यले गरिदिए पनि अकालमा मर्नु पर्दैन भन्ने आस जाग्थ्यो गरिब जनतालाई । यति पनि दिन नसक्ने राज्यले विकास, विकासशील राष्ट्र, दिगो विकास लक्ष्य र मध्यम आय भएको मुलुकको सपना बाँड्दा गरिब गाउँका गरिब जनतालाई हर्ष न विस्मात भएको छ । अब त केन्द्रकै मुख ताक्नु पनि पर्दैन । स्थानीय सरकार छ । स्थानीय सरकारले स्थानीय समस्यालाई हेर्नुपर्छ । लोकतन्त्रले यही अवधारणालाई अवलम्बन गर्दै स्थानीय सरकारको परिकल्पना गरेको हुनुपर्छ । तर स्थानीय सरकारले पनि खोइ स्थानीय समस्यालाई हेरेको र देखेको ? स्थानीय सरकार र स्थानीय जनप्रतिनिधिले स्थानीय समस्यालाई समयमै पहिचान गर्न सकेको भए र त्यसको समाधानको उपाय खोजेको भए खिना बोहराजस्ता गरिब जनताले एउटा स्ट्रेचरको अभावमा स्वास्थ्य केन्द्र पुग्नै नपाई मृत्युवरण गर्नुपर्थ्यो र ? के दुर्गम जिल्लाका गाउँपालिकासँग हरेक वडाका लागि एउटा अथवा दुइटा स्ट्रेचर किनिदिन सक्ने सामर्थ्य पनि छैन र ? एउटा स्ट्रेचरको मूल्य कति पर्छ ? सामर्थ्यभन्दा पनि सोचको कुरा हो । हेराइ र बुझाइको कुरा हो । राजनीतिक स्वार्थले परिचालित हुने र आर्थिक लाभको अभीष्टले योजना बनाउने र बाँड्ने परिपाटीले गर्दा आवश्यक ठाउँमा एउटा स्ट्रेचर पनि दिन नसक्नु, एउटा स्वास्थ्यचौकी र एउटा झोलुङ्गे पुल पनि बनाउन नसक्नु दुर्भाग्य हो र ठूलो विडम्बना पनि हो । यातायातको सुविधा नभएको गाउँमा आपत्विपतमा बिरामी ओसार्न स्थानीय सरकार वा स्थानीय जनप्रतिनिधिले गाउँका वडा-वडामा एउटा स्ट्रेचरको पनि व्यवस्था गरिदिन नसक्नु बजेट नभएर होइन बुद्धि नभएर हो ।

*-अन्नपूर्ण*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

# बाँकेमा ९५ हेक्टरमा हिउँदे मकै खेती

नमस्ते समचारदाता

बाँके, माघ/२७



बाँकेका किसानहरू पछिल्लो समय हिउँदे मकै खेतीतर्फ आकर्षित हुन थालेको कृषि ज्ञान केन्द्र बाँकेले जनाएको छ। कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी अनिश श्रेष्ठका अनुसार यस वर्ष बाँकेमा ९५ हेक्टर क्षेत्रफलमा हिउँदे मकै खेती गरिएको छ, जुन अघिल्लो वर्षको तुलनामा २३ हेक्टरले बढी हो। सूचना अधिकारी श्रेष्ठका अनुसार गत वर्ष ७२ हेक्टरमा मात्र हिउँदे मकै खेती गरिएको थियो, जसबाट २३७ मेट्रिक टन उत्पादन भएको थियो। उहाँले गत वर्ष मकै उत्पादन प्रतिहेक्टर ३ दशमलव २९ मेट्रिक टन रहेको जनाउँदै यस वर्ष भने क्रप कटिङ नभएकोले उत्पादनको यकिन तथ्यांक निकाल्न नसकिएको बताउनुभयो। हिउँदे मकै खेतीलाई अझ प्रविधिमैत्री बनाएमा किसानहरूको आम्दानी थप वृद्धि गर्न सकिने जनाउँदै कृषि ज्ञान केन्द्र बाँकेले किसानहरूले उचित समयमा सिँचाइ, मलखाद व्यवस्थापन तथा कीट नियन्त्रण गरेमा उत्पादन अझ राम्रो हुने जनाएको छ। उता हरियो मकैको माग बढ्दै गएको, उचित मूल्य प्राप्त भइरहेको तथा यसबाट राम्रो आम्दानी हुन थालेको देखेर बाँकेका किसानहरू व्यावसायिक रूपमा मकै खेतीतर्फ आकर्षित हुन थालेको देखिएको छ। जिल्लामा सबैभन्दा बढी राप्तीसोनारी गाउँपालिका, नेपालगन्ज उपमहानगर-२३, र डुडुवा गाउँपालिका तथा बैजनाथ गाउँपालिकामा हिउँदे मकै खेती भइरहेको कृषि ज्ञान केन्द्रले जनाएको छ। कृषि ज्ञान केन्द्रका सूचना अधिकारी श्रेष्ठका अनुसार विशेषगरी डुडुवा गाउँपालिका-६ हिरमिनिया, भंघोटना, कालाबञ्जर, पहाडियन पुरवा, बकौली, अहिरापुर, महन्तर पुरवा, बल्दीपुरवा लगायतका गाउँहरूमा किसानहरूले व्यापक रूपमा हिउँदे मकै खेती गरिरहेका छन्। नेपालगन्ज उपमहानगर पालिका-२३ भज्जुपुरवाका कृषक जयपाल मौर्यका अनुसार हरियो मकैको बजार मूल्य राम्रो पाईएको र सहजै बिक्री हुने भएकाले बाँकेका किसानहरू व्यावसायिक रूपमा हिउँदे मकै खेतीतर्फ आकर्षित हुँदै गएका छन्। स्थानीय अर्का कृषक राम बहादुर यादवका अनुसार, बाँकेमा हिउँदे मकै लगाउनेहरु बढ्दै गएका छन्। यादवले थप्नुभयो, 'हिउँदे मकै राम्ररी उत्पादन गर्न सके, बजारमा हरियो मकैको राम्रो मूल्य पाइन्छ। फागुन-चैतमा बिक्री गर्दा हामीले प्रतिकिलो राम्रो मूल्य पाउने गरेकोले किसानहरूलाई हौँसाएको छ।'

# बालबालिका शिक्षाबाट वञ्चित

नमस्ते समचारदाता

सुर्खेत, माघ/२७




कर्णालीका बालबालिका शिक्षाबाट वञ्चित भइरहेको देखिएको छ। विभिन्न अध्ययनले प्रदेशमा विद्यालय छाड्ने (ड्रप आउट) दर बढ्दै गएको पाइएको छ। सेभ दी चिल्ड्रेन आधार सर्वेक्षण-२०२४ का अनुसार ३९ प्रतिशत बालबालिकाले कक्षा छोडेको पाइएको छ। कर्णालीमा कक्षा १ देखि ५ सम्मका ३९ प्रतिशत बालबालिकाले कक्षा छोड्ने गरेको सर्वेक्षणमा उल्लेख गरिएको छ। बालकभन्दा बालिका धेरैले कक्षा छोड्ने गरेका हुन्। बालिका शिक्षामा समेत कमजोर छन्। २३.६४ प्रतिशत बालिकाले मात्रै गणितमा ४५ अङ्क प्राप्त गर्न सकेका छन्। जसमध्ये अपाङ्गता भएका बालबालिकाको शून्य प्रतिशत रहेको छ। कर्णालीमा कक्षा १ देखि ५ सम्ममा जम्मा १२.४ प्रतिशत बालिकाले कक्षा दोहोऱ्याएको सर्वेक्षणमा उल्लेख गरिएको छ। सेभ दी चिल्ड्रेनले गरेको सर्वेक्षण २०२४ मा २४ प्रतिशत बालबालिका सरकारी सेवाबाट सन्तुष्ट देखिएका छन्। सन् २०२३ को तुलनामा सन् २०२४ मा बालबालिकाका क्षेत्रमा ७.३६ प्रतिशत बजेट वृद्धि भएको छ। गरिएको सर्वेक्षणमा ४७ प्रतिशत आमाबाबुलाई अभिभावकत्वको ज्ञान भएको पाइएको छ। ५७ प्रतिशत बालबालिकाले शारीरिक र मानसिक हिंसाको सामना गर्ने गरेको पाइएको छ। १४ प्रतिशत बालबालिकाले समुदायमा सुरक्षित महसुस गरेका छन्। यसै गरी ११.३६ प्रतिशत अपाङ्गता भएका बालबालिकाले समुदायमा सुरक्षित अनुभव गरेका छन्। ६१ प्रतिशत बालबालिकाको आफ्नो फेसबुक रहेको र जसमध्ये १७ प्रतिशतले हिंसा भोगेको पाइएको छ। सेभ दी चिल्ड्रेनले चार जिल्लाका चार पालिकाका केही विद्यालयमा आधार सर्वेक्षण गरेको थियो। दैलेखको चामुन्डा बिन्द्रासैनी नगरपालिका, जुम्लाको तातोपानी गाउँपालिका, कालीकोटको शुभकालिका गाउँपालिका र जाजरकोटको छेडागाड नगरपालिकाका केही सामुदायिक विद्यालयमा सर्वेक्षण गरिएको सेभ दी चिल्ड्रेनले जनाएको छ। यसैबिच सरोकार वालाले बालबालिकाको क्षेत्रमा लगानी बढाउनुपर्नेमा जोड दिएका छन्। वीरेन्द्रनगरमा भएको बालबालिकाका सवाल विषयक प्रादेशिक छलफलका सहभागीले यस्तो बताएका हुन्। बालिका तथा समावेशी शिक्षा र बाल अधिकारका लागि महिला संसद् मञ्च, बाल अधिकारका लागि साझा अभियान र सेभ दी चिल्ड्रेनसँगको सहकार्यमा छलफल कार्यक्रम गरिएको थियो। प्रदेश सभा सदस्य कल्याणी खड्काले उन्नत भविष्यका लागि बालबालिकाका क्षेत्रमा लगानी बढाउन आवश्यक रहेको बताउनुभयो। उहाँले सरकारले प्राथमिकतामा राख्नुपर्ने शिक्षा क्षेत्र विकल्पका रूपमा राखिएको जनाउनुभयो। अर्का प्रदेश सभा सदस्य तुल्सा मल्लले बालबालिकामा लगानी बढाउनुपर्नेमा राज्यले जोड दिनुपर्ने बताउनुभयो। बालिका तथा समावेशी शिक्षाका लागि महिला संसदीय सञ्जालका उर्मिला विश्वकर्माले बालिका शिक्षामा बढी जोड दिनुपर्ने बताउनुभयो। बालकभन्दा बालिकाले कम मात्र शिक्षा आर्जन गर्ने गरेको र पछि गएर हिंसाको सिकार बन्नु परेको उहाँको भनाइ थियो। सरकारले शिक्षालाई प्राथमिकतामा राखेको भौतिक पूर्वाधार तथा सहरी विकास राज्यमन्त्री गमता विकले बताउनुभयो। शिक्षा पूर्वाधारका कार्यक्रमलाई घटाएर शैक्षिक गुणस्तरका कार्यक्रम प्राथमिकतामा राखेको जानकारी दिनुभयो। कर्णालीको कुल जनसंख्यामध्ये ४० प्रतिशत बालबालिका छन्। प्रदेशको कुल जनसंख्या १६ लाख ८८ हजार ४१२ छ। २०७८ सालको जनगणना तथ्याङ्क अनुसार यसमध्ये छ लाख ७७ हजार ४८ जना बालबालिका छन्। यसमा पनि बालकको संख्या बढी छ। तीन लाख ४५ हजार ४२९ जना बालक छन् भने तीन लाख ३१ हजार ५५६ जना बालिका छन्। प्रदेशका तीन लाख चार हजार १८४ जना बालबालिकालाई विभिन्न कारणले विशेष संरक्षण र वैकल्पिक संरक्षणको आवश्यकता देखिएको छ। राष्ट्रिय बाल कल्याण परिषद्का अनुसार कर्णालीका ४१ हजार बालबालिका बालविवाहको सिकार भएका छन्। बालविवाहका कारण उनीहरू विभिन्न अधिकार प्राप्तिबाट वञ्चित भएको जनाइएको छ।

# कर्णालीका बाह्र वटा माविमा विज्ञान विषय सुधार कार्यक्रम

नमस्ते समचारदाता

हुम्ला, माघ/२७



कर्णाली प्रदेशका बाह्र वटा माध्यमिक विद्यालयका विज्ञान विषयको सुधार कार्यक्रम लागु भएको छ। यी विद्यालयमा कक्षा एघार र बाह्र कक्षामा विज्ञान विषय अध्ययन भइरहेको भएपनि त्यति प्रभावकारी नदेखिएको र विद्यार्थी संख्या पनि घट्दो क्रममा रहेको कारण सरकारले विज्ञान विषयको शैक्षिक स्तर उकास्न यो कार्यक्रम लागु गरेको हो। शिक्षा विकास तथा समन्वय इकाई हुम्लाका प्रमुख योगेश आलेमगरले गत वर्षसम्म छरिएर लगानी भइरहेको सो कार्यक्रम यस वर्षबाट विज्ञान विषयको शैक्षिक स्तरोन्नती गर्नका लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टाराईको विशेष पहलमा यो कार्यक्रम लागु गरिएको बताए। देशभर ११४ वटा सामुदायीक विद्यालयमा यो कार्यक्रम लागु भएकोमा कर्णाली प्रदेशका दश जिल्लाका बाह्र वटा विद्यालय छनौट भएको छ। उनले यसअघि कक्षा एघार र बाह्रमा विज्ञान विषय अध्ययन भइरहेका यी विद्यालयहरुमा साधन र सुविधा नभएपछि विद्यार्थी जिल्ला छोडेर विज्ञान विषय अध्ययन गर्न बाहिर जान थालेपछि जिल्लाकै विद्यालयमा साधन र श्रोतले पूर्ण बनाएर विज्ञान विषयमा गुणस्तरीय शिक्षा प्रदान गर्न यो कार्यक्रम यसवर्षबाट लागु भएको जानकार दिए। कर्णाली प्रदेशका बाह्र वटा विद्यालयहरुमा रुकुम पश्चिमको मुसिकोट नगरपालिकाको महेन्द्र मावि, सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका- १२ अमरज्योति मावि नेवारे, दैलेखको नारायण नगरपालिकाको त्रिभुवन मावि, डोल्पाको त्रिपुरासुन्दरी नगर पालिकाको सरस्वति मावि, जुम्लाको चन्दनाथ नगरपालिका-६ को महत गाउँको जनता माविरहेका छन्। यसैगरी, कालिकोट जिल्लाको खाँडाचक्र नगरपालिकाको कालिका मावि र रास्कोट नगरपालिकाको भोतिराम मावि, हुम्ला जिल्ला सिमकोट गाउँपालिका- ६ को मानसरोवर मावि, सुर्खेतको वीरेन्द्रनगर नगरपालिका- ६ को जन मावि, सल्यान जिल्लाको सारदा नगरपालिका खलाङ्गाको त्रिभुवन जन मावि, जाजरकोट जिल्लाको भेरी नगरपालिका त्रिभुवन मावि र मुगु जिल्लाको छाँयानाथ रारा नगरपालिका-१ को महाकाली मावि रहेका छन्। कर्णालीका यी विद्यालयहरुमा विज्ञान विषय अध्ययन भई रहेको भएपनि बिद्यार्थी संख्या पाँच छ जना मात्र हुने विद्यालयहरु पनि रहेका छन्। सिमकोट गाउँपालिका शिक्षा शाखाका नायव सुब्वा कृष्ण प्रसाद अधिकारीले विज्ञान विषयको प्रर्बद्धन गर्नका लागि यो कार्यक्रम लागु भएको र यो कार्यक्रमबाट पुस्तकालय, ल्याव, शैक्षिक सामाग्री, शिक्षकको क्षेमता विकास लगाएतका कार्यक्रम सञ्चालनको ब्यवस्था गरेर शहरका विद्यालयमा विज्ञान विषय अध्ययन गरे जस्तै दुर्गमका विद्यालयमा पनि सोही अनुसार गर्न पठनपाठनको वातावरण निर्माण गर्न यो कार्यक्रम सहयोगी सिद्ध हुने बताए। यी छनौट भएका सवै विद्यालयहरु नमूना विद्यालयहरु हुन। यो कार्यक्रम सञ्चालनका लागि एउटा विद्यालयमा पन्द्र लाख बजेट सङ्घीय सरकारबाट गाउँपालिकामा आइसकेको छ। मानसरोवरका प्रधानाध्यापक अमर बहादुर शाहीले यो कार्यक्रमबाट विद्यालयमा विज्ञान विषय अध्ययनका लागि सहयोगी बन्ने बताए।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:

आकर्षक
भिते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार

रंगिन टिभी एकजनालाई

१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरू
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।
ताँजाकोट गाउँपालिका
हुम्ला

# साना सिँचाइलाई पालिकामै सम्झौता

नमस्ते समचारदाता

दैलेख, माघ/२७



कृषि विकास कार्यालय दैलेखले ११ स्थानीय तहका ९१ वटा साना सिँचाइ आयोजनामा पाँच करोड रुपियाँ खर्च गर्न लागेको छ। स्थानीय तहमै पुगेर ९१ वटा साना सिँचाइ आयोजनाको सम्झौता गरेर पाँच करोड ५० लाख रुपियाँ खर्च गर्न लागेको हो। कृषि विकास कार्यालयका कृषि अर्थविज्ञ झलक भण्डारीले साना सिँचाइ आयोजनाबाट लाभान्वित किसानलाई पायक पर्ने स्थानमै गएर कार्यालयले योजना सम्झौता गरेको बताउनुभयो। उहाँले गाउँपालिका तथा नगरपालिकाका योजना सम्झौता गर्दा योजनाको दोहोरोपन, पारदर्शिता सुशासनलाई समेत सहयोग पुग्ने उद्देश्यले बस्तीमै पुगेर योजना सम्झौता गरिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “पालिकास्तरमै योजना सम्झौता गर्दा योजनाबाट लाभान्वित किसानको समय बचत, उपभोक्ता समितिको खर्च बच्छ।” गुराँस गाउँपालिकाका अध्यक्ष टोपबहादुर बिसीले योजना सम्झौता पालिकास्तरमै हुँदा योजनाका विषयमा वास्तविक किसानसम्म पुग्ने बताउनुभयो। उहाँले विगतमा योजना एक ठाउँमा आउने र अर्को ठाउँमा योजना बन्ने समस्या रहेको भन्दै स्थानीय सरकार आएदेखि योजना जहाँका लागि आएको त्यहीँ बन्ने गरेको जनाउनुभयो। जिल्लामा योजना सम्झौता गर्न आउँदा लाग्ने खर्च र समयको समेत बचत हुने गरेको किसानले बताएका छन्। गुराँस गाउँपालिका -१ का विष्णु बहादुर शाहीले कार्यालयले नै योजनाबाट लाभान्वित व्यक्ति खोजेर समुदायमा योजनाको सम्झौता गर्न कार्यालय पुग्नु किसानका लागि सुखद रहेको बताउनुभयो। उहाँले योजना आएको भरमा स्थानीय तह र वडासँग सिफारिस मागी सुटुक्कै गएर योजना सम्झौता गर्ने र काम नगरी भुक्तानी लिने परम्परालाई तोडेको जानकारी दिनुभयो। कृषि विकास कार्यालयका अनुसार जिल्लाका ११ स्थानीय तहमा आएका ९१ वटा सिँचाइ आयोजनामध्ये ६५ भन्दा बढी योजनाको सम्झौता गरिएको र बाँकी रहेका योजना छिटै सम्झौता गर्ने तयारी गरिएको छ। कार्यालयका अनुसार आठबिस नगरपालिकामा १३ सिँचाइ आयोजना, ठाँटीकाँध र दुल्लुमा आठ/आठ, चामुन्डा बिन्द्रासैनी सात, आयोजनाको सम्झौता भएको छ। महाबु गाउँपालिकामा आठ, भैरवी पाँच, डुङ्गेश्वर र गुराँसमा तीन/तीन, भगवतीमाईमा दुई र नौमुलेमा छ वटा सिँचाइ आयोजना सम्झौता भएका छन्। कर्णाली प्रदेश सरकार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयबाट विनियोजित भएको पाँच करोड १२ लाख ५० हजार रुपियाँ दैलेख जिल्लामा विनियोजन भएको थियो। कृषि विकास कार्यालयले साना सिँचाइ मात्र नभएर अन्य कृषिका योजनालाई समेत स्थानीय तहसँगको समन्वयमा योजनाको सम्झौता गर्ने गरेको अर्थविज्ञ भण्डारीले जानकारी दिनुभयो। उहाँले कृषिका योजनामा गाउँपालिका तथा नगरपालिकाबाट दोहोरोपना हुन नदिन समन्वय गरेको र ठुला योजनामा साझेदारी गरेर काम गरिरहेको बताउनुभयो।

# डोटीमा आगलागी, दुई लाख ५० हजार बराबरको क्षति

नमस्ते समचारदाता

डोटी, माघ/२७



डोटी जिल्लाको केआइसिंह गाउँपालिकामा आगलागी हुँदा एक घर जलेर नष्ट भएको छ। केआइसिंह-३ झिगाबस्ती स्थित बाजी भुलको दुई तले ढुङ्गामाटोले बनेको घरमा खाना पकाउने क्रममा आज बिहान आगलागी भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। आगलागीका कारण १० बोरा अन्नपात, लत्ताकपडा, भाँडाबर्तनलगायत अन्दाजी रु दुई लाख ५० हजार बराबरको धनमाल नष्ट भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। भुलको आठ जनाको परिवारलाई अहिले आफन्तको घरमा स्थानान्तरण गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी, प्रहरी नायब उपरीक्षक भीमलाल भट्टराई जानकारी दिनुभयो। आगलागीबाट मानवीय तथा पशुचौपाया क्षति नभएका भन्दै घटनाबारे थप अनुसन्धान भइरहेको उहाँले बताउनुभयो। घटनास्थलमा खटिएका प्रहरी नायब निरीक्षक कुलवीर बोहराको संयोजकत्वमा छ प्रहरीसहित स्थानीय परिचालन गरी आगो नियन्त्रण गरिएको प्रहरी नायब उपरीक्षक भट्टराई जानकारी दिनुभयो।

# टीकापुर अस्पतालमा सिकलसेलको उपचार

नमस्ते समचारदाता

कैलाली, माघ/२७



थारू जातिमा मात्रै देखिने सिकलसेल एनिमियाको उपचारका लागि टीकापुर अस्पताल सूचीकृत गरिएको छ। यसअघि त्यसको उपचारका लागि नेपालगन्ज वा धनगढी लगायतका ठाउँ जानु पर्थ्यो। नेपाल सरकारको सचिव स्तरीय निर्णय अनुसार टीकापुर अस्पताल सिकलसेल एनिमियाको उपचारका लागि सूचीकृत भएको स्वास्थ्य सेवा विभागको नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाले जनाएको छ। सिकलसेलको उपचार विशेषज्ञ डाक्टरबाट गरिने विशिष्टीकृत सेवा भएकाले लामो समयको प्रयास र सरकारले तोकेको मापदण्ड पूरा गरेपछि टीकापुर अस्पताल सूचीकृत भएको बताउँदै टीकापुर अस्पताल विकास समितिका अध्यक्ष झपटबहादुर सोडारीले एमडी प्याथोलोजिस्ट भर्ना गरेपछि सूचीकृत हुने बाटो खुलेको बताउनुभयो। अस्पतालमा उपकरण छन्, पाँच बेडको वार्ड बन्दै छ, चाहिने औषधी व्यवस्था गरेर चाँडै उपचार सेवा सुरु गर्ने उहाँले बताउनुभयो। आफ्नो बच्चालाई सिकलसेलको उपचार गराइरहनुभएका भिख्खु चौधरीले भन्नुभयो, “रगत चढाउने काम टीकापुर अस्पतालमै भइरहेको छ, त्यसका लागि छुट्टै वार्डसहित उपचार हुँदा बिरामीलाई धेरै सहज हुने थियो।” पछिल्ला वर्षमा स्थानीय पालिकाले बर्सेनि सिकलसेल एनिमियाको परीक्षण गराउने गरेको छ। परीक्षणका क्रममा नयाँ बिरामी पत्ता लाग्ने र सयौँको संख्यामा सिकलसेल ट्रेट (सिकलसेलवाहक सेल) फेला पर्ने गरेका छन्। सिकलसेल पोजेटिभ ट्रेट भएका युवाले बिहे गरेमा उनीहरूबाट जन्मिने बालबालिकामा पनि सिकलसेल देखिने गरेको छ। रक्तअल्पता भएका बिरामीको परीक्षण गर्ने, सिकलसेल एनिमिया भएका बिरामीलाई हेमोग्लोबिन कम भएमा रगत चढाउनु पर्छ। भिटामिन र औषधी जीवनभर खानुपर्ने हुन्छ। पश्चिम नेपालका थारू समुदायमा मात्रै देखिएको सिकलसेल वंशाणुगत रोग हो। सिकलसेल भएमा रक्तकोष हँसिया जस्तै बङ्गिने र फुटने गर्छन्। रक्तअल्पता हुने, खाना नपच्ने र मानिस कमजोर हुँदै जाने भएकाले यसको औषधीका साथै पोषण र बेलाबेलामा रगत चढाउनुपर्ने हुन्छ। समयमै उपचार गरे अवस्था खराब हुनबाट जोगिन्छ। सेती प्रादेशिक अस्पताल धनगढीमा सिकलसेलका नौ सय जनाभन्दा बढी र निजी क्षेत्रमा घोडाघोडी अस्पतालमा ३५० जना बिरामी दर्ता छन्। टीकापुर अस्पतालमा सिकलसेलको उपचार सुरु भएमा ती अस्पतालको चाप पनि घट्ने छ।

# वन कार्यालय आफ्नै भवनमा

नमस्ते समचारदाता

दैलेख, माघ/२७




डिभिजन वन कार्यालय दैलेखको आफ्नै भवन निर्माण भएको छ। कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री सुरेश अधिकारीले सो भवनको उद्घाटन गर्नुभयो। सो क्रममा उहाँले भवन निर्माण भएसँगै नागरिकलाई सेवा प्रवाह गर्न सहज हुने बताउनुभयो। उहाँले निर्माणको जिम्मा लिएको एक महिना समयअगावै निर्माण सम्पन्न गर्ने निर्माण कम्पनीलाई धन्यवाद दिनुभयो। उहाँले भन्नुभयो, “निर्माणको जिम्मा लिएका निर्माण व्यवसायीले समयमै काम नगर्दा ताकिता गर्नुपर्ने अवस्था रहेको बेला समयमै काम सक्नु राम्रो काम भयो।” तीन करोड २५ लाख रुपियाँ लागतमा निर्माण सम्पन्न गर्ने गरी आरबी कन्स्ट्रक्सन दैलेखले निर्माणको जिम्मा पाएको थियो। २०८० असारमा सम्झौता भएको भवनको निर्माणको एक महिना समयअगाडि नै निर्माण सम्पन्न गरिएको निर्माण कम्पनीले जानकारी दिएको छ। निर्माण कम्पनीका सञ्चालक रूपक थापाले निर्माणको समय अवधि एक महिना बाँकी रहँदै भवन निर्माण गरी हस्तान्तरण गरिएको बताउनुभयो। उहाँले भन्नुभयो, “आरबी कन्स्ट्रक्सनले निर्माणका जिम्मा पाएका सबै काम निर्माणको समयसीमाभित्र सम्पन्न गर्ने गरेका छौँ।” डिभिजन वन कार्यालयका सहायक वन अधिकृत वेदप्रसाद ढकालले लामो समयपछि डिभिजन वन कार्यालयले सुविधासम्पन्न निर्माण भएसँगै सेवा प्रवाहलाई प्रभावकारी बनाउने बताउनुभयो। उहाँले साढे दुई तलाको भवनमा कार्यालय सञ्चालनदेखि इजलास कक्ष, थुनुवा कक्ष र कार्यालय प्रमुखको आवास पनि वनाइएको छ। ४७ वर्षपछि नयाँ भवनमा कार्यालय सरेपछि काम कारबाही अझ सहज हुने सहायक वन अधिकृत ढकालले बताउनुभयो।

# बम विस्फोट हुँदा बालक घाइते

नमस्ते समचारदाता

प्युठान, माघ/२७



मल्लरानी गाउँपालिका वडा नम्बर ३ धरमपानीमा सुतली बम विस्फोट हुँदा एक जना बालक घाइते भएका छन्। बारीमा भेटिएको बम खेलाउने क्रममा विस्फोट हुँदा ११ वर्षीय सौरभ अधिकारी घाइते भएको जिल्ला प्रहरी कार्यालय प्युठानले जनाएको छ। बम विस्फोट हुँदा बालकको दाहिने खुट्टाको पैतला क्षति भएको जिल्ला प्रहरी कार्यालय प्युठानका सूचना अधिकारी प्रहरी निरीक्षक केशव केसीले जानकारी दिनुभयो। घाइते बालकलाई जिल्ला अस्पताल विजुवारमा उपचारपछि थप उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पताल बुटवल लगिएको छ। बँदेल मार्नका लागि प्रयोग गरिएको सुतली बम जस्तो देखिने आलु आकारको थप दुई वटा बमलाई बर्द बहादुर गणको टोलीले डिस्पोज गरेको छ। प्रहरीले अनुसन्धानका लागि मल्लरानी गाउँपालिका-३ धरमपानी बस्ने ५८ वर्षीय मोहन बहादुर केसीलाई पक्राउ गरेको जनाएको छ।

रोगबाट बच्ने उपायहरू

- खाना खानु र खुवाउनु अघि,
- खाना पकाउनु अघि र पछि,
- बाह्य जुनसुकै वस्तु छोएपछि,
- चर्पी प्रयोग गरेपछि,
- बच्चाको दिशा पिसाब सफा गरेपछि,
- फोहोर कुरा छोएपछि,

साबुन पानीले मिचिमिचि हात धोऔं, रोगबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके